मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिरहा

## प्रस्ताव आह्वानको सूचना

**(प्रथम सूचना प्रकाशित मिति: २०८१/०१/१० गते सोमवार)**

यस विज्ञ केन्द्रको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तपसिल अनुसारका कार्यक्रम संचालनका लागि "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७)" तथा सम्बन्धित कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि अनुरुप तपसिल बमोजिम लागत साझेदारीमा संचालन गर्न ईच्छुक कृषक/उद्यमी/व्यवसायिक फार्महरुले देहाय बमोजिमका कागजात सहित १५ औं दिन (मिति २०८१/०१/२४ सोमवार) सम्म कार्यालय समयभित्र सिलबन्दी प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। सूचना बमोजिमको अवधि नाघी प्राप्त भएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन र त्यस्ता प्रस्तावहरु नखोली सम्बन्धित प्रस्तावदातालाई फिर्ता गरिनेछ। यस सम्बन्धमा थप जानकारीका लागि कार्यालयको फोन नं. ०३३-५२०००८ र कार्यक्रम संयोजक अधिकृत छैठौं, (ला.पो.डे.डे.) श्री विरेन्द्र कुमार यादवलाई मोबाईल नं. ९८४२९६६७२३/९८१३३१२२२८ मा सम्पर्क गर्नु हुन अनुरोध छ।

## तपसिल

**कार्यक्रमको विवरण**

| क्र.सं | कार्यक्रमको नाम | ईकाई | परिमाण | प्रति कार्यक्रम अनुदान रकम (रु.) | साझेदार अनुदानग्राही | आवश्यक कागजातहरु |
|---|---|---|---|---|---|---|
| १. | पशुपन्छी खोरगोठ सुधार तथा मलमुत्र व्यवस्थापनमा अनुदान सहयोग कार्यक्रम। | संख्या | १०० | रु. ३० हजार (अनुदान सहयोग: ७५%) | व्यवसायिक गाई/भैसी/बाखा/बंगुर/हाँस/लोकल कुखुरा पालन। | १) रु. १० को हुलाक टिकट टाँसेको फाराम नं.२ अनुसारको प्रस्ताव/आवेदन।<br>२) आवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।<br>३) तालिम, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु।<br>४) संक्षिप्त कार्ययोजना।<br>५) जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपूर्जा समेत करारपत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तीमा ५ वर्ष अवधिको)।<br>६) लागत प्रतिवद्धता (स्वघोषणा)।<br>७) अन्य आवश्यक कागजातहरु। |
| २. | साझेदारीमा बायोग्याँस निर्माण/खरिद एवं जडान कार्यक्रम। | संख्या | २० | रु. ६५ हजार (अनुदान सहयोग: ५०%) | व्यवसायिक गाई/भैसी पालन फार्म। | १) रु. १० को हुलाक टिकट टाँसेको फाराम नं.२ अनुसारको प्रस्ताव/आवेदन।<br>२) आवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।<br>३) व्यवसायिक फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि।<br>४) स्थायी लेखा नम्बर (एब्ल) प्रमाणपत्रको प्रतिलिपि।<br>५) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।<br>६) तालिम, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु।<br>७) संक्षिप्त कार्ययोजना।<br>८) जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपूर्जा समेत करारपत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तीमा ५ वर्ष अवधिको)।<br>९) लागत प्रतिवद्धता (स्वघोषणा)।<br>१०) अन्य आवश्यक कागजातहरु। |
| ३. | प्रत्येक जिल्लाहरुमा जैविक तथा आधुनिक फार्महरुको स्तरोन्नतरी। | संख्या | ६ | ६ लाख २५ हजार (लागत साझेदारी: ५०%) | व्यवसायिक गाई/भैसी/बाखा/बंगुर/ ब्रोईलर कुखुरा/लेयर्स कुखुरा पालन फार्म। | १) रु. १० को हुलाक टिकट टाँसेको फाराम नं.२ अनुसारको प्रस्ताव/आवेदन।<br>२) आवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।<br>३) व्यवसायिक फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि।<br>४) स्थायी लेखा नम्बर (एब्ल) प्रमाणपत्रको प्रतिलिपि।<br>५) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।<br>६) किसान परिचयपत्रको प्रतिलिपि, तालिम, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु।<br>७) संक्षिप्त कार्ययोजना।<br>८) जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाणपूर्जा समेत करारपत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तीमा ५ वर्ष अवधिको)।<br>९) लागत प्रतिवद्धता (स्वघोषणा)।<br>१०) अन्य आवश्यक कागजातहरु। |
| ४. | हरुवा चरुवा, दलित लगायत लक्षित वर्गको जीविकोपर्जनका लागि १०० % मा अनुदानमा पशुपन्छी पालन कार्यक्रम संख्या | संख्या | आ.अ | आ.अ | व्यवसायिक बाखा/बंगुर/ कुखुरा/ हाँस पालन। | १) रु. १० को हुलाक टिकट।<br>२) आवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।<br>३) सम्बन्धित स्थानिय तहबाट हरुवा चरुवा, दलित लगायत वर्ग पहिचान हुने सिफारिस पत्र। |

**पुनश्च:** सूचना तथा निवेदन/प्रस्तावको ढाँचा विज्ञ केन्द्र, सिराहाबाट प्राप्त गर्नु हुन वा कार्यालयको वेबसाईट: vhlsecsiraha.p2.gov.np बाट डाउनलोड गर्नु हुन अनुरोध छ।

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिरहा**